कोशी प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

## सन्देशमूलक सूचना उत्पादन, प्रकाशन वा प्रसारणको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रकाशन मितिः वि.स. २०८२/१०/१८

कोशी प्रदेश सरकारको तर्फवाट लोक कल्याणकारी तथा सन्देशमूलक सूचना वितरणलाई निष्पक्ष, पारदर्शी, अधिकतम पहुँच तथा व्यवस्थित गर्न तर्जुमा भएको "कोशी प्रदेश सन्देशमूलक सूचना वितरण मार्गदर्शन, २०८२" अनुसार सन्देशमूलक सूचना उत्पादन, प्रकाशन वा प्रसारण गर्ने प्रयोजनको लागि इच्छुक सञ्चार माध्यमले यस सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र ऐ. मार्गदर्शनको अनुसूची-१ वमोजिमको ढाँचामा देहाय वमोजिम रीतपूर्वक आवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातः

१) प्रचलित कानून वमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

२) प्रचलित कानून वमोजिम लिइएको इजाजत पत्र र अनुमतिपत्र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

३) सञ्चालकको नाम, ठेगाना र सम्पर्क नम्वर सहितको विवरण,

४) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

५) सञ्चार माध्यम सञ्चालनमा रहेको एक वर्ष पूरा भएको प्रमाणपत्र,

६) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलवाट प्रसारण भएको प्रमाणपत्र,

७) टेलिभिजन, एफ.एम. रेडियो, रेडियोको हकमा कार्यक्रम प्रसारण हुने समय तालिका, अनलाइन सञ्चार माध्यमको हकमा दैनिक पेज भ्रमणकर्ताको संख्या, अन्यको हकमा वार्षिक प्रकाशन हुने अंक संख्या र प्रकाशन हुने समय अन्तराल एवम् एक पटकमा प्रकाशन हुने प्रति (संख्या) सम्वन्धी विवरण,

८) प्रसारण संस्थाको हकमा वर्षमा कम्तीमा ३०० दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तीमा ३०० दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तीमा ४० अंक प्रकाशन भएको स्वघोषणा पत्र,

९) अनलाइन सञ्चार माध्यमको हकमा सूचना तथा संचार विभागमा दर्ता खुल्ने कागजात र पत्रपत्रिकाको हकमा सूचना तथा सञ्चार विभागले गरेको वर्गीकरण खुल्ने कागजात,

१०)एफ.एम रेडियोको हकमा स्टेशन क्षमता खुल्ने कागजात।

थप जानकारीः

१) Mail मार्फत आवेदन पेश गर्न ईच्छुक सञ्चार माध्यमले सम्पूर्ण कागजातहरुको एउटा pdf फाईल वनाई मन्त्रालयको आधिकारीक Mail Address (info.moial@koshi.gov.np) मा पठाउन सक्नुहुनेछ।

२) यस सूचनामा नखुलेको विषयवस्तु कोशी प्रदेश सन्देशमूलक सूचना वितरण मार्गदर्शन, २०८२ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

३) रीतपूर्वक आवेदन पेश नगर्ने संचार माध्यमलाई सन्देशमूलक सूचना उत्पादन, प्रकाशन वा प्रसारण गर्ने अनुमति दिइने छैन।

१०/१८

उपसचिव

**अनुसूची १**

**( दफा ४ को उपदफा (२) सँग सम्वन्धित)**

**<u>सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारणका लागि आवेदन दिने दरखास्तको ढाँचा</u>**

मितिः-

श्रीमान सचिवज्यू

आन्तरिक मामिला तथा कानून मन्त्रालय,

कोशी प्रदेश, विराटनगर।

**विषयः- सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारणमा सहभागी गराई पाउँ।**

उपरोक्त सम्बन्धमा मिति................................मा तहाँ मन्त्रालयबाट आह्वान भएको सूचना बमोजिम सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारण कार्यक्रममा सहभागी गराई पाउन सन्देशमूलक सूचना वितरण मार्गदर्शन २०८२ को दफा ४ को उपदफा (२) मा उल्लेखित कागजात तथा आर्थिक प्रस्ताव संलग्न गरी यो निवेदन गरेको छु।

**निवेदन दिने सञ्चार माध्यमको विवरणः**

नामः-

ठेगानाः-

सम्पर्क नम्वरः-

इमेल ठेगानाः-

ह्वाट्सएप नम्वर (WhatsApp):-

सञ्चालकको नामः-

सञ्चार माध्यमको प्रकारः- (क)पत्रपत्रिका (ख) रेडियो/एफ.एम. रेडियो (ग) टेलिभिजन (घ) अनलाइन सञ्चार माध्यम

<u>संलग्न कागजातहरु</u>

१.

२.

३.

४.

सञ्चालक/आधिकारिक व्यक्तिको नाम र दस्तखतः-

संस्थाको छापः-